# महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७७

# महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७

प्रस्तावना

लैङ्गिक समानता र महिला सशक्तीकरणको एउटा महत्त्वपूर्ण औजार आर्थिक सशक्तीकरण भएकाले उद्यमशीलता विकासको माध्यमबाट स्वरोजगार र रोजगार गराई महिलालाई आर्थिक रूपमा सम्पन्न र आत्मनिर्भर बनाउन प्रत्येक स्थानीय तहमा आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम र बजेट वक्तव्यमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरिने व्यवस्था भएबमोजिम स्थानीय तहमा महिला उद्यमीलाई सूचनामा पहुँच, सीप तथा सिर्जनाको उपयोग, बजार प्रबर्द्धन, वित्तीय पँहुच, प्रविधिमा सहयोग, टेवा पूँजी लगायतका प्राविधिक पक्षमा सहजीकरण गर्न महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "उद्यमशीलता विकास तालिम" भन्नाले उद्यम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा, जोखिम बहन गर्न सक्ने र व्यवसायिक ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले प्रदान गरिने तालिमलाई जनाउँछ र सो शब्दले "आफ्नो व्यवसाय सुरु र सुधार गरौं" तथा "लघु व्यवसाय सिर्जना तथा विकास" जस्ता तालिमलाई समेत जनाउँछ ।

(ख) "कार्यक्रम" भन्नाले महिला उद्यमशीलता सहजीकरण केन्द्र मार्फत सञ्चालित कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(घ) "कार्यान्वयन समिति" भन्नाले यस कार्यविधि अनुसार महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहमा गठन हुने महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "बजारीकरण" भन्नाले लघु, घरेलु तथा साना उद्योगबाट हुने उत्पादन, मूल्यनिर्धारण, प्रबर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनु पर्छ ।

(छ) "बिक्री केन्द्र, कोसेली घर वा सौगात गृह" भन्नाले उद्यमीले सञ्चालन गरेको लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित सामानहरू सङ्कलन गरी बिक्री गर्ने कक्षलाई सम्झनु पर्छ ।

(ज) "बजार पहुँच" भन्नाले कुनै पनि वस्तु तथा सेवाको उत्पादन सामग्री तथा उत्पादित वस्तुको बिक्री वितरण गर्ने भौतिक स्थान तथा विद्युतीय प्रणालीबाट गरिने स्थानलाई समेत सम्झनु पर्छ ।

(झ) "महिला उद्यमी सहजकर्ता" भन्नाले उद्यमशीलता विकास, उद्योग स्थापना, तथा प्रवर्द्धन गर्न दफा ११ को उपदफा (१) बमोजिमको योग्यता भएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "महिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्न सक्ने महिला वा लगानी गरेका महिला वा महिला समूहलाई सम्झनु पर्छ ।

(ट) "महिला उद्यमशीलता सहजीकरण केन्द्र" भन्नाले दफा ५ बमोजिमको महिला उद्यमशीलता सहजीकरण केन्द्र सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ड) "मेडपा" भन्नाले नेपाल सरकार मार्फत स्थानीय तहमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्झनु पर्छ ।

(ढ) "लघु उद्यम" भन्नाले घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको, उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको, बार्षिक कारोवार एक करोड रुपैयाँभन्दा कम रहेको र इञ्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेकोलाई सम्झनु पर्छ।

(ण) "लक्षित वर्ग" भन्नाले सीप तथा सिर्जना भएका, उद्यमी बन्ने चाहना राखेका वा उद्यमशीलता विकास तालिम प्राप्त गरी उद्यम स्थापना वा प्रवर्द्धनका लागि सहजीकरण तथा वित्तीय पहुँचको आवश्यकता भएका महिला एंव महिला समूहलाइ सम्झनु पर्छ ।

(त) "वित्तीय पहुँच" भन्नाले महिला उद्यमशीलता विकासको लागि बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्थाका साथै सरकारी, गैरसरकारी र निजी क्षेत्रले प्रदान गर्ने आर्थिक स्रोतको उपलब्धतालाई सम्झनु पर्छ ।

(थ) "स्थानीय तह" भन्नाले नगरपालिका/गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद –२

## उद्देश्य, संरचना, कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३. कार्यक्रमको उद्देश्यः

(क) उद्यम व्यवसाय सञ्चालन गरेका तथा गर्न चाहने महिलाको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्दै उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गरी दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनु,

(ख) महिला उद्यमीलाई उद्योग व्यवसाय गर्न आवश्यक प्राविधिक सहयोग, सरकारी, निजी क्षेत्र तथा वित्तीय संस्थाबाट प्रदान गरिने।ऋण, सेवा, सुविधा तथा सहुलियतको जानकारी एवं पँहुचका लागि सहजीकरण गर्नु ।

४. कार्यक्रम सञ्चालन हुने स्थानीय तहः (१) आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयले तोके बमोजिमका स्थानीय तहमा नमूनाको रुपमा कार्यक्रम सञ्चालन गरिने र आगामी आर्थिक वर्षमा क्रमशः कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहको छनौट गर्दा प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम हुने गरी गर्नुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौट गर्दा सामान्यतया देहाय बमोजिमका आधारमा क्रमश छनौट गरिनेछः-

(क) औद्योगिक क्रियाकलाप बजारीकरण प्रक्रियामा अग्रसर रहेका स्थानीय तह,

(ख) कच्चा पदार्थको उपलब्धता, उद्यमशीलताको सम्भावना र बजार पहुँच

(ग) कोसेली घर, सौगात गृह जस्ता बिक्री केन्द्र सञ्चालनमा रहेका तथा मेला प्रर्दशनी आयोजना हुने स्थानीय तह,

(घ) महिला उद्यमीको सङ्ख्या बढी भएको स्थानीय तह,

(ङ) औद्योगिक ग्राम, औद्योगिक व्यवस्थापन क्षेत्र भएको स्थानीय तह,

(च) बैङ्क तथा वित्तीय संस्थाको उपलब्धता भएको स्थानीय तह ।

५. महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना तथा सञ्चालनः (१) महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थानीय तहमा रहेको महिला तथा बालबालिका शाखामा रहनेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्र सञ्चालनका लागि दफा १० बमोजिम कार्य गर्न स्थानीय तहले महिला तथा बालबालिका शाखा हेर्ने शाखा प्रमुखलाई सम्पर्क व्यक्तिको रूपमा तोक्नुपर्नेछ।

(३) महिला उद्यमीलाई उद्यमशीलता विकास तथा उद्यमसँग सम्बन्धित आवश्यक सेवा सुविधाका विषयमा सहजीकरण र प्राविधिक सहयोग गर्न एक जना महिला उद्यमी सहजकर्ता रहनेछ ।

(४) केन्द्र स्थापना तथा सञ्चालनका लागि नेपाल सरकारको स्वीकृति लिई विभिन्न संघ संस्था तथा विकासका साझेदारले सहयोग उपलब्ध गराउन सक्नेछन् ।

६. <u>महिला उद्यमशीलता सहजीकरण केन्द्रको काम, कर्तव्य र अधिकारः</u> महिला उद्यमशीलता सहजीकरण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्यम सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता र लाभका आधारमा त्यसको अनुमानित लागत, बजारीकरण, उद्योगका सम्भावनाको पहिचान गरी सोको लगत (Profile) राखी प्रकाशन गर्ने र महिला उद्यमीलाई उपलब्ध एवं जानकारी गराउने,

(ख) स्थानीय स्तरमा लघु, घरेलु तथा साना र मझौला उद्योगद्वारा उत्पादित वस्तुको गुणस्तर निर्धारण र मान्यता (Testing, Labelling, Packaging, Branding, Pricing, Certification, Accreditation) सम्बन्धमा सहजीकरण गर्ने,

(ग) व्यावसायिक सीप र क्षमता भएका महिला उद्यमी, महिला उद्यमी समूह, संस्था वा सहकारीलाई व्यवसायिक योजना तयार गर्न र सोको आधारमा उद्यम/ व्यवसाय स्थापनाका लागि सहजीकरण गर्ने,

(घ) तीन तहका सरकार, बैङ्क तथा वित्तीय संस्था र अन्य निकायहरूबाट महिला उद्यमीका लागि भएका छुट, सुविधा, सहुलियतपूर्ण ऋण, कर छुट, टेवा पूँजी/बीउपूँजी लगायत प्राविधिक सहयोग सम्बन्धी सूचना सङ्कलन गरी जानकारीमूलक पुस्तिका तयार गरी वितरण गर्ने,

(ङ) उद्यम सञ्चालन गर्न इच्छुक महिलालाई रोजगारी, स्वरोजगारी सृजनाका लागि उद्यमशीलता तथा सीप विकास तालिम सञ्चालन गर्ने संस्थासँग सम्पर्क र समन्वय गराउने,

(च) सङ्घीय सरकारका विभिन्न निकाय, प्रदेश मन्त्रालय र स्थानीय तहले सञ्चालन गर्ने महिला उद्यमीसँग सम्बन्धित कार्यक्रममा समन्वय र सहकार्य गर्ने,

(छ) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहको उद्योग हेर्ने सम्बन्धित शाखा, प्रदेश अन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिसँग आवश्यक समन्वय गर्ने/गराउने,

(ज) महिला उद्यमीलाई आवश्यक पर्ने व्यवस्थापन, अभिलेखीकरण, लेखा, लेखापरीक्षण तथा कर सम्बन्धी तालिम सञ्चालन गर्न सहजीकरण गर्ने,

(झ) निजी क्षेत्रका छाता सङ्गठनको सहकार्यमा महिला उद्यमीबाट उत्पादित उत्पादनलाई उपलव्ध भएसम्म सार्वजनिक निकायले प्रयोग गर्ने गरी स्थानीय तहमा उत्पादित वस्तुहरूको प्रोफाइल तयार गर्न तथा उपयोगको लागि प्रोत्साहन गर्न प्रदर्शनी/मेला सञ्चालनमा सहजीकरण गर्ने,

(ञ) महिला उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणका लागि निजी क्षेत्रसँग समन्वय गरी स्थानीय स्तरमा कोशेली घर/सौगात गृह/बिक्री केन्द्र स्थापना गर्न सहयोग गर्ने,

(ट) स्थानीय तहमा क्रियाशील महिला उद्यमीको खण्डीकृत तथ्याङ्क तयार गरी मन्त्रालयमा पठाउने,

(ठ) महिला उद्यमीलाई उद्योग दर्ता गर्न र छाता सङ्गठनमा आबद्ध गराउन सहजीकरण गर्ने,

(ड) स्थानीय तहमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग समन्वय गरी उद्यमशीलता विकास तथा उद्यमसँग सम्बिन्धत कार्यक्रम सञ्चालन गर्ने,

(ढ) कोभिड-१९ (कोरोना भाइरस) जस्ता विश्वव्यापी महामारी, प्राकृतिक तथा गैह प्राकृतिक प्रकोपबाट रोजगारी गुमाएका र विदेशबाट फर्किएका महिलाको विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी अद्यावधिक गर्ने साथै यस्ता महिलालाई उद्यमशीलता विकासमा प्रोत्साहन गर्न आवश्यक सहजीकरण गर्ने,

(ण) महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी, स्थानीय तहमा रहेका प्रशिक्षक र महिला उद्यमीको रोष्टर तयार गरी सीप विकास तालिमका लागि सहजीकरण गर्ने,

(त) महिला विकास कार्यक्रम, मेडेपा कार्यक्रम र अन्य संघ संस्थाबाट तालिम प्राप्त गरी उद्यमी भई उद्योग सञ्चालन गरेका महिला उद्यमीको तथ्याङ्क सङ्कलन गरी विद्युतीय माध्यमबाट अद्यावधिक गर्ने,

(द) नेपाल सरकारको तथ्याङ्क अद्यावधिक गर्ने पोर्टलमा महिला उद्यमीलाई समावेश गर्न सहजीकरण गर्ने ।

७. <u>महिला उद्यमशिलता सहजीकरण केन्द्र कार्यान्वयन समिति:</u>(१) स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ:-

(क) उपाध्यक्ष वा उपप्रमुख, स्थानीय तह -अध्यक्ष

(ख) स्थानीय तहको निर्वाचित महिला सदस्य मध्ये कार्यान्वयन समितिले तोकेको एक जना महिला -सदस्य

-सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्रमुख, कृषि तथा पशु विकास शाखा

(ङ) प्रमुख वा ऋण अधिकृत, स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्थामध्ये कार्यान्वयन समितिले तोकेको एक जना -सदस्य

(च) प्रमुख, उद्योगसँग सम्बन्धित शाखा -सदस्य

(छ) अध्यक्ष वा प्रमुख, स्थानीय तहमा रहेका लघु, घरेलु तथा साना उद्योगहरूको छाता सङ्गठन -सदस्य

(ज) अध्यक्ष, स्थानीय तहमा महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी संस्था -सदस्य

(झ) प्रमुख, स्थानीय तहको महिला तथा बालबालिका शाखा -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

८. <u>महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार:</u> सहजीकरण केन्द्र कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन र उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्ग दर्शन गर्ने,

(ख) स्थानीय स्तरमा प्राप्त कच्चा पदार्थको उपलब्धताको आधारमा महिला उद्यम विकास सम्बन्धी स्थानीय नीति,योजना तथा कार्यक्रम तयार गरी स्थानीय तहमा स्वीकृतिका लागि पेस गर्ने,

(ग) लक्षित वर्गको रुचि र मागमा आधारित सीप विकास तालिम सञ्चालन तथा सीप परीक्षण गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वा नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने,

(घ) महिला उद्यमशीलता सहजीकरण केन्द्रमार्फत भएका कार्यको प्रगति विवरण आवधिक रुपमा मन्त्रालयमा पठाउने व्यवस्था गर्ने,

(ङ) महिला उद्यम सहजकर्ताको कार्य सम्पादनको आधारमा पारिश्रमिक तथा सेवा सुविधा अनुमोदन गर्ने ।

(च) मेडपा कार्यक्रमसंग समन्वय र सहकार्य हुनेगरी कार्यक्रम सञ्चालन तथा महिला उद्यमी सहजकर्ता परिचालन गर्न सहजीकरण गर्ने ।

(छ) सेवाग्राहीबाट प्राप्त गुनासा प्रचलित कानुनबमोजिम समाधान गर्ने ।

(ज) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

९. <u>महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको बैठक:</u> कार्यान्वयन समितिको बैठक सञ्चालन देहायबमोजिम हुनेछ:-

(क) कार्यान्वयन समितिको बैठक वर्षको तीनपटक र आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(ख) कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ग) बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्यमध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(घ) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>महिला उद्यमशीलता सहजीकरण केन्द्रको सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकारः</u> महिला उद्यमशीलता सहजीकरण केन्द्रको सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार दफा ६ बमोजिमका अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा रहेका महिला उद्यमशीलता सम्बन्धी कार्यक्रमहरू स्थानीय तहको उद्योग विकास शाखा वा उपशाखासँग समन्वय तथा सहजीकरण गरी सञ्चालन गर्ने,

(ख) उद्यमशीलता विकास तालिमका लागि लक्षित महिलाको पहिचान र छनौट गर्न सहजीकरण गर्ने,

(ग) सीप विकास तालिम प्राप्त महिला उद्यमीलाई उद्योग दर्ता गर्न समन्वय र सहजीकरण गर्ने,

(घ) महिला उद्यमीलाई सङ्घ, प्रदेश, स्थानीय तह र अन्य निकाय मार्फत उपलब्ध हुने सहुलियतपूर्ण सुविधा उपयोग गरे नगरेको निरीक्षण तथा अनुगमन गर्ने,

(ङ) महिलाद्वारा सञ्चालित उद्यमबाट प्राप्त उत्पादन, आम्दानी र खर्चको लगत राख्ने विषयमा सहजीकरण गर्ने,

(च) महिला उद्यमीले उद्यम सञ्चालन गर्दा भोगेका समस्या र चुनौतीको समाधानका लागि पहल गर्ने,

(छ) सफल उद्यम तथा अनुकरणीय अभ्यासलाई प्रवर्द्धन गर्न अध्ययन प्रतिवेदन तयार गरी स्थानीय तह र मन्त्रालयमा पठाउने,

(ज) महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको सदस्य सचिव भै कार्य गर्ने,

(झ) महिला उद्यमी सहजकर्ताको कार्य सम्पादन मूल्याङ्कन गरी समितिमा पेश गर्ने,

(ञ) मेडपा कार्यक्रमसँग आवश्यक समन्वय गरी सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ट) राष्ट्रपति महिला उत्थान कार्यक्रम, राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत स्थानीय तहमा सञ्चालित जीविकोपार्जन सुधार कार्यक्रमको समेत सम्पर्क व्यक्ति भई काम गर्ने,

(ठ) कार्यान्वयन समिति तथा स्थानीय तहले उद्यम विकास सम्बन्धी तोकेका अन्य कार्यहरू गर्ने।

११. <u>महिला उद्यमी सहजकर्ता सम्बन्धी व्यवस्था:</u> (१) दफा ५ को उपदफा (१) बमोजिम स्थापना भएको केन्द्रमा कार्य गर्न स्थानीय तहले अनुसूची-१ बमोजिमको योग्यता भएको महिला उद्यमी सहजकर्ताको छनौट गरी मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(२) महिला उद्यमी सहजकर्ताले स्थानीय तहको महिला तथा बालबालिका शाखामा, केन्द्रका सम्पर्क व्यक्तिको प्रत्यक्ष सम्पर्कमा रही काम गर्नुपर्नेछ ।

(३) महिला उद्यमी सहजकर्ताको छनौट प्रतिस्पर्धाको आधारमा स्थानीय तहले गर्नेछ।

(४) आर्थिक वर्ष २०७७/७८ मा मन्त्रालयले उपलब्ध गराउने बजेटको अधीनमा रही उपदफा (१) बमोजिमको योग्यता भएका महिला उद्यमी सहजकर्ता परामर्श सेवाबाट लिई परिचालन गर्नुपर्नेछ।

(५) मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा महिला उद्यमी सहजकर्ता छनौटका लागि प्रशासनिक खर्च र महिला उद्यमी सहजकर्ताको पारिश्रमिक उपलब्ध गराउनेछ ।

(६) स्थानीय तहले आगामी आर्थिक वर्षदेखि महिला उद्यमी सहजकर्ताको पारिश्रमिक व्यवस्था गरी सहजकर्ता परिचालन गर्नुपर्नेछ ।कार्यक्रम सञ्चालन खर्च र प्रशासनिक खर्चका लागि एकमुष्ट सशर्त अनुदानका रूपमा बजेट स्थानीय तहमा उपलब्ध गराइनेछ।

(७) महिला उद्यमी सहजकर्ताका लागि आवश्यक पर्ने अन्य व्यवस्था स्थानीय तहले नै मिलाउनु पर्नेछ ।

(८) महिला उद्यमी सहजकर्ता छनौट गर्दा सम्बन्धित स्थानीय तहमा बसोबास गर्ने योग्यता पुगेका महिलालाई प्राथमिकता दिनुपर्नेछ ।

१२. <u>महिला उद्यमी सहजकर्ताको काम, कर्तव्य र अधिकार:</u> महिला उद्यमी सहजकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) सहजीकरण केन्द्र कार्यान्वयन समितिलाई आवश्यक सहजीकरण गर्ने,

(ख) महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालनका लागि मुख्य जिम्मेवारी निर्वाह गर्ने,

(ग) महिला उद्यमशीलता सम्बन्धी वार्षिक योजना तर्जुमा प्रक्रियामा महिला उद्यमशीलताको विषयमा मूलप्रवाहीकरण गर्नका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समाजसेवी, सामाजिक कार्यकर्ता, स्थानीय विज्ञ, सामाजिक अभियन्ता, विपन्न महिला, जनजाति, मधेशी, मुस्लिम, दलित, युवा, लैंगिक तथा यौनिक अल्पसंख्यकलाई आफ्ना जिम्मेवारी तथा भूमिका विषयमा छलफल वा अनुशिक्षण गराउने,

(घ) उद्यमी बन्न इच्छुक महिलालाई माग र आवश्यकताको आधारमा सीप विकास तालिम प्रदान गर्न समन्वय र सहजीकरण गर्ने,

(ङ) महिला उद्यमीका लागि व्यवसाय स्थापना र सञ्चालन गर्न व्यावसायिक योजना तयार, व्यावसायिक परामर्श र बजारीकरणका लागि सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(च) महिला उद्यमीलाई उद्योग स्थापना, स्तरोन्नति गर्न आवश्यक पर्ने बैङ्क तथा वित्तीय संस्थाबाट प्रदान गरिने सहुलियतपूर्ण कर्जा, र अन्य सेवा सुविधामा पहुँच स्थापना गर्न सहजीकरण गर्ने,

(छ) स्थानीय तहमा उद्यमशीलता विकास सम्बन्धी नीतिगत सुधारका लागि निरन्तर पैरवी गर्ने,

(ज) स्थानीय तहमा सञ्चालित मेडपा कार्यक्रमसँग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गर्ने

(झ) राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत स्थानीय तहमा सञ्चालित जीविकोपार्जन सुधार कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ञ) सम्पर्क व्यक्तिसँग निरन्तर समन्वय र निर्देशनमा रही काम गर्ने,

(ट) अनुसूची-२ बमोजिमको कार्यहरू गर्ने ।

१३. <u>उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालनमा मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहको भूमिका:</u>

**१३.१ केन्द्र सञ्चालनमा मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-**

(क) उद्यमशीलता विकासका लागि आवश्यक कानुन तर्जुमा गर्ने ।

(ख) केन्द्र सञ्चालनका लागि स्थानीय तहसँग साझेदारी गरी आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(ग) केन्द्र सञ्चालनका लागि बजेटको व्यवस्था गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने

(ङ) केन्द्र स्थापना तथा सञ्चालनको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

**१३.२ प्रदेश मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-**

(क) उद्यमशीलता सहजीकरण केन्द्र स्थापना तथा सञ्चालनमा सङ्घ र स्थानीय तह बीच समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) प्रदेश भित्रका उद्यमशीलता सहजीकरण केन्द्रलाई आवश्यकताबमोजिम स्रोत साधनको व्यवस्था गर्ने,

(ग) स्थानीय तहको सहयोगमा प्रदेश भित्रका उद्यमशीलता, रोजगारी र महिला उद्यमीको खण्डीकृत तथ्याङ्क तयार गरी मन्त्रालयमा उपलब्ध गराउन समन्वय गर्ने ।

(घ) महिला उद्यमशीलता सहजीकरण केन्द्रबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

१३.३ स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछ:-

(क) सहजीकरण केन्द्र स्थापना तथा सञ्चालन गर्ने,

(ख) महिला उद्यमी सहजकर्ता छनौट र परिचालन गर्ने,

(ग) महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन गर्न कार्यान्वयन समितिको नियमित बैठकलाई आवश्यक मार्गदर्शन गर्ने,

(घ) उद्यमशीलता विकास सम्बन्धमा स्थानीय नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) केन्द्रलाई दीर्घकालीन रूपमा संस्थागत गर्दै लैजाने,

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने,

(छ) केन्द्र सञ्चालनमा लागत साझेदारी कायम गर्ने,

(ज) महिला उद्यमी सहजकर्ताको नियुक्ति र परिचालन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ,

(झ) स्थानीय तहमा भएका उद्योगीहरू र कार्यक्रमबाट लाभान्वित महिला उद्यमीहरूको तथ्याङ्क मन्त्रालयमा आवधिकरूपमा पठाउने ।

## परिच्छेद -३

## समन्वय, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

१४. समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः (१) कार्यक्रम कार्यान्वियन गर्दा आवश्यकता अनुसार सङ्घ, प्रदेश र स्थानीय तह एवं अन्य सरोकारवाला निकायसँग समन्वय र साझेदारीमा गरिनेछ ।

(२) उद्यमशीलता सहजीकरण केन्द्रबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

(३) मन्त्रालय तथा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको आवधिक अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(४) स्थानीय तहले कार्यक्रमको आवधिक प्रगति प्रतिवदेन मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद -५

## विविध

१५. प्रचलित कानुनबमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

१७. अनुसूचीमा हेरफेर गर्न सक्ने मन्त्रालयले आवश्यकताअनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

१८. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची– १

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

<u>महिला उद्यमी सहजकर्ताको योग्यता</u>

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । साथै उद्यम विकास सम्बन्धी तालिम लिएका वा सीप परीक्षण गरेकालाई विशेष प्राथमिकता दिइनेछ ।

(ख) उद्यमशीलता विकास, सीप विकास, व्यवसाय प्रवर्द्धन, वस्तुको गुणस्तर निर्धारण र मान्यता, व्यावसायिक योजना, बजार तथा बजारीकरण जस्ता विषयमा तालिम प्राप्त गरेको ।

अनूसूची– २

(दफा १२ को खण्ड (ट) सँग सम्बन्धित)

## महिला उद्यमी सहजकर्ताको कार्य विवरण

पदः महिला उद्यमी सहजकर्ता

तहः तह पाँचौं वा नायव सुब्बा वा सो सरह ।

कार्यस्थानः *महिला उद्यमशीलता सहजीकरण केन्द्र, स्थानीय तह*

महिला उद्यमी सहजकर्ताले महिला उद्यमशीलता *सहजीकरण केन्द्रमा* रही देहायबमोजिमको कार्य गर्नुपर्नेछ ।

(क) उद्यम सञ्चालनका लागि स्थानीयस्तरमा कच्चा पदार्थको उपलब्धता, बजारको सम्भावना र लक्षित वर्गको विवरण संकलन गर्ने र लगत राख्ने,

(ख) महिला उद्यमशीलता विकासका लागि व्यवसायिक परामर्श, तालिम प्रदान गर्ने तथा सेवा प्रदायकसँग समन्वय गराउने,

(ग) महिला, महिला उद्यमी समूह, संस्था वा सहकारीलाई व्यवसायिक योजना तयार गर्न तथा सो व्यावसायिक योजनाका आधारमा उद्योग वा व्यवसाय स्थापनाका लागि सहजीकरण गर्ने ,

(घ) महिला उद्यमीलाई व्यवसाय दर्ता, नवीकरण गर्न सहजीकरण गर्ने ,

(ङ) स्थानीय स्तरमा लघु, घरेलु तथा साना र मझौला उद्योगद्वारा उत्पादित वस्तुको गुणस्तर निर्धारण र मान्यता (Testing, Labelling, Packaging, Branding, Pricing, Certification, Accreditation) सम्बन्धमा सहजीकरण गर्ने ।

(च) महिला उद्यमीबाट उत्पादित वस्तुका लागत तथा लाभ विश्लेषण गरी मूल्य निर्धारण गर्न सहजीकरण गर्ने ।

(छ) महिला उद्यमीको लागि कानुनीरुपमा व्यवस्था गरिएका सुविधा, कर छुट सहुलियत सम्बन्धी प्रावधान तथा योजनाका बारेमा जानकारी तथा सूचना सम्प्रेषण गर्न एकीकृत पुस्तिका बनाई उद्यमीलाई जानकारी गराउने ।

(ज) सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालित र महिला उद्यमीसँग सम्बन्धित कार्यक्रमसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

(झ) महिला उद्यमशीलता विकासका लागि स्थानीय तहको उद्योग एकाइ, प्रदेश तहमा घरेलु तथा साना उद्योग कार्यालयसँग आवश्यक समन्वय गर्ने ।

(ञ) वित्तीय संस्था, सहकारी संस्था तथा नेपाल सरकार तथा अन्य निकायले महिला उद्यमीका लागि उपलब्ध गराएका सहुलियतपूर्ण ऋण, टेवा पूँजी, लगायत प्राविधिक सहयोग सम्बन्धमा भएका प्रावधानलाई एकीकृत गरी जानकारीमूलक पुस्तिका तयार गरी महिला उद्यमीलाई जानकारी गराउने। यसरी उपलब्ध हुने

ऋण, टेवा पूँजी, प्रविधि सहयोग आदिको पहुँचका लागि आवश्यक सहजीकरण गर्ने।

(ट) उद्यमका लागि आवश्यक प्रविधि, प्रविधि आपूर्तिकर्ता र प्रविधिसँग सम्बन्धित अन्य विवरणको रोस्टर तयार गर्ने र प्रविधि पहुँचका लागि सहजीकरण गर्ने,

(ठ) निजी क्षेत्रसँगको सहकार्यमा महिला उद्यमीबाट उत्पादित उत्पादनलाई उपलब्ध भएसम्म सार्वजनिक निकायले प्रयोग गर्ने गरी स्थानीय तहमा उत्पादित वस्तुको प्रोफाइल तयार गरी उपयोगका लागि प्रोत्साहन गर्ने । साथै, स्थानीय उत्पादन प्रर्दशनी मेला सञ्चालनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(ड) महिला उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणका लागि निजीक्षेत्रसँग समन्वय गरी स्थानीय तहमा कोसेली घर, सौगात गृह जस्ता बिक्री केन्द्र स्थापनाका लागि समन्वय र सहयोग गर्ने,

(ढ) स्थानीय तहमा क्रियाशील उद्यमी महिलाको खण्डीकृत तथ्याङ्क तयार गरी स्थानीय तहको तथ्याङ्क प्रणालीमा अद्यावधिक गरी स्थानीय तहमार्फत मन्त्रालयमा पठाउने,

(ण) स्थानीय तहमा उद्यमशीलता विकासका लागि मेडपा कार्यक्रमसँग समन्वय गर्ने,

(त) मेडपाबाट सिर्जना भएका महिला, लघु उद्यमीहरूको, स्तरोन्नतिका लागि सीप विकास तालिम, प्रविधि तथा र बजारीकरणका लागि सहजीकरण गर्ने साथै व्यवसायिक परामर्श उपलब्ध गराउने ।

(थ) महिला लघु उद्यमी सिर्जनाका लागि लघु उद्यम विकास मोडेलबमोजिम कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(द) कार्यालयले तोकेको उद्यमशीलता विकाससँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं